स्थानीय राजपत्र प्रकासन सम्बन्धी कार्यविधि , २०७५ को
अनुसूची-२
(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०५ संख्याः ०४ मितिः २०७८।०५।११**

## भाग-२

## विरुवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय ,स्याङ्जा

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति २०७८।०५।०३ गते विरुवा गाउँपालिकाको कार्यपालिकाले बनाएको **"विरुवा गाउँपालिकाको गाउँस्तरीय खेलकुद विकास तथा व्यवस्थापन कार्यविधि-२०७८"** सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना :**

युवा तथा खेलकुदको विकास देश विकासको महत्वपुर्ण आधार हो भन्ने तथ्यलाई आत्मसात गर्दै खेलकुदको माध्यामवाट दक्षजनशक्तिउत्पादनगर्नका लागि "स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने मुल नाराका साथ गाउँ क्षेत्रको युवा विकासलाई संस्थागत गरी सदाचार, शिष्टाचार र नैतिकता, राष्ट्रिय एकतामा आवद्ध गर्दै खेलकुद प्रणालीलाई व्यवस्थित र प्रभावकारी तवरले सञ्चालन गर्न वाञ्छनीय भएकोले आधारित गुणस्तरयुक्त खेलकुदशिक्षाको विकास र प्रबर्द्धन गर्न बाञ्छनीय भएकोलेस्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा-११ को उपदफा ४ (क) र दफा १०२(२) बमोजिम विरुवा गाउँ कार्यपालीकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

**प्रारम्भिक :**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम **"विरुवा गाउँपालिकाको गाउँस्तरिय खेलकुद विकास तथा व्यवस्थापन कार्यविधि-२०७८"** रहेको छ।

(२) यो कार्यविधिगाउँ कार्यपाालिकाले स्विकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) ऐन भन्नाले-स्थानीय सरकार सञ्चालन ऐन-२०७४ लाई सम्झनु पर्दछ।

ख) कार्यविधि भन्नाले- खेलकुद विकास तथा व्यवस्थापन कार्यविधि-२०७५ सम्झनु पर्दछ।

ग) गाउँ खेलकुद विकास समिति भन्नाले- यस कार्यविधिको दफा ८ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ।

**३. कार्यविधिको उद्देश्य :**

१) स्थानीयस्तरका खेलकुद संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास गर्ने,

२) स्थानीयस्तरको खेलकुद प्रशासन तथा संघ संस्थाको नियमन र समन्वय गर्ने,

३) खेलकुदको विकास र प्रबर्द्धन गर्ने,

४) गाउँपालिकाको कार्य जिममेवारीमा रहेका गाउँ जिल्ला तथा अन्य विभिन्न राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना र सहभागीता गर्ने गराउने,

## परिच्छेद-२
## कार्य सञ्चालनगर्ने क्षेत्र

४. **कार्यक्षेत्रः** (१) गाउँस्तरीय खेलकुद विकास, व्यवस्थापन तथा सञ्चालनको कार्यक्षेत्र विरुवा् गाउँपालीका हुनेछ ।

(२) गाउँ कार्यपालिकाको बैठकले निर्णय गरि तपशिल मध्येका कुनै वा सबै खेलकुद कार्यक्रमहरुको सञ्चालनको जिम्मा दिन सकिनेछ :-

क) वडास्तरीय खेलकुद कार्यक्रम

ख) गाउँस्तरीय खेलकुद कार्यक्रम

ग) अध्यक्ष कप प्रतियोगिता कार्यक्रम

घ) जिल्ला तथा प्रदेशस्तरीय खेलकुद कार्यक्रम

ङ) राष्ट्रियस्तरका खेलकुद कार्यक्रम कार्यक्रम

च) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

छ) गाउँपालिकाले सञ्चालन गर्नुपर्ने खेलकुदसंग सम्बन्धित अन्य विभिन्न कार्यक्रमहरु

५. **लागत साझेदारी :**खेलकुद सम्बन्धी कार्यक्रमहरुको आयोजना व्यवस्थापन तथा सञ्चालन गर्दा लागत साझेदारीका आधारमा समेत सञ्चालनगर्न सकिनेछ ।

## परिच्छेद ३
## गाउँ खेलकुद विकास समितिको गठन काम कर्तव्य र अधिकार

६. **समितिको गठनः** विरुवा गाउँपालिकामा खेलकुदको विकास, व्यवस्थापन र सञ्चालन गर्नका लागि देहायमा लेखिए बमोजिमको प्रक्रियाबाट गाउँपालिका अध्यक्षको प्रमुख संरक्षकत्वमा १७ सदस्यीय एक गाउँ खेलकुदविकास समितिको गठन हुनेछ :-

क) खेलकुदको क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याएको व्यक्तिहरु मध्येबाट गाउँ प्रमुखले मनोनित गरको- अध्यक्ष- १ जना

ख) गाउँका वार्ड समितिले छनौटगरी पठाएका१/१ जना सदस्य - ८ जना

ग) खेलकुदको क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याएका वा जिल्लास्थित विभिन्न खेलसँग संबन्धित संघ संस्थामा रही कार्यगरेका व्यक्तिहरु मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेका सदस्य- २ जना

घ) आदीवासी/जनजाती,महिला, दलित तथा अल्पसंख्यक समुदाय, फरक क्षमता तथा सिमान्तीकृत वर्गको समेत संलग्नता रहने गरी गाउँ कार्यपालिकाले मनोनित गरेका सदस्य-२ जना

ङ) खेलकुदसंग सम्बन्धित महिलाहरु मध्येवाट गाउँपालिकाले मनोनित गरेका महिला सदस्य १ जना

च) कानुन बमोजिम दर्ता भएका युवा क्लबहरु मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेका सदस्य २ जना

छ) युवा तथा शिक्षा शाखाका प्रमुख वा अधिकृत सदस्य सचिव १

ज) अध्यक्ष सहित कुल १७ जना सदस्यहरुले आफु मध्येबाट उपाध्यक्ष,(महिला) र कोषाध्यक्षको निर्वाचन गर्नेछन् ।

झ) समितिमा गाउँपालिकासंग सम्बन्धित कुनैपनि कर्मचारीहरु छनौट गर्न पाईने छैन ।

ञ) समितिको कार्यकाल गठन भएको मितिले ३ बर्षको हुनेछ ।

**७. समितिको काम, कर्त्तव्य र अधिकार :**

क) गाउँ क्षेत्रभित्रका विभिन्न विधामा खेलकुद व्यवस्थापन र सञ्चालन गर्ने,

ख) खेलकुद सम्बन्धिनीति, योजना, बार्षिक कार्यक्रम, प्रगति विवरण, बार्षिक बजेट तर्जुमा गरी स्विकृतिका लागि गाउँ कार्यपालिकामा पेश गर्ने गराउने,

ग) खेलकुदको विकास र प्रबर्द्धनका लागि सरोकारवाला निकाय, संघ संस्था, व्यक्तिहरुसँग आवश्यक समन्वय गर्ने,

घ) स्थानीयस्तरमा आर्थिक श्रोत जुटाउन आवश्यक पहल गर्ने,

ङ) प्रचलित कानून वमोजिम समितिको लेखापरिक्षण गराउने । लेखा परिक्षणको वार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेशगर्ने ।

च) समितिको अर्ध वार्षिक र बार्षिक प्रगति प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्ने ।

छ) समितिका सदस्यहरु सामुहिक रुपमा विरुवा् गाउँपालिकाप्रति उत्तरदायी रहनेछन् ।

ज) खेलकुद विकाससंग सम्बन्धित अन्य विभिन्न कार्यहरु गर्ने, गराउने,

**८. समितिको बैठक संम्बन्धि कार्यप्रणाली :**

क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ख) समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

घ) बैठकको अध्यक्षता समितिको अध्यक्ष र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष पनि अनुपस्थित भएको अवस्थामा उपस्थित सदस्य मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

ङ) कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

च) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

छ) समितिको बैठकको निर्णय छुट्टै निर्णय पुस्तिका ( माईन्युट बुक) मा अभिलेख गरिनेछ र अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गरिनेछ ।

९. **वार्डस्तरीय समितिको गठन :**विरुवा् गाउँपालिकाका सवै वडाहरुमा खेलकुदको विकास, व्यवस्थापन र सञ्चालन गर्नका लागि देहाय बमोजिमको प्रक्रियाबाट वडाध्यक्षको प्रमुख संरक्षकत्वमा ७ सदस्यीय एक वडास्तरीय खेलकुद विकास समितिको गठन हुनेछ :-

क) वडाध्यक्ष वा निजले तोकेको खेलकुद सँग संबन्धित वडावासी लब्धप्रतिष्ठित व्यक्तिहरु मध्येवाट अध्यक्ष - १ जना

ख) वार्ड क्षेत्रभित्रका खेलकुदसँग संबन्धित वडावासी नागरिकहरु मध्येबाट वडा समितिले मनोनित गरेका सदस्य- २ जना

ग) खेलकुदको क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याएका खेलकुदसँग सम्बन्धित संघ संस्थामा रही काम गरेका वडावासीहरु मध्ये बाट भेलाले छनौट गरेका सदस्य- २ जना

घ) कानुन बमोजिम दर्ता भएका युवा क्लबहरु मध्येबाट गाउँपालिका वडा अध्यक्षले मनोनित गरेका सदस्य १ जना

ङ) वडा सचिव -सदस्य-सचिव,

च) अध्यक्ष सहित कुल ७ जना सदस्यहरुले आफु मध्येबाट आवश्यकता अनुसारका उपाध्यक्ष, ( महिला) र कोषाध्यक्षको निर्वाचन गर्ने छन्।

छ) समितिमा ३३ प्रतिशत महिला सहभागिता हुनु पर्नेछ ।

ज) समितिमा गाउँपालिकासंग सम्बन्धित कुनैपनि कर्मचारीहरु छनौट गर्न पाईने छैन ।

**१०. वडा समितिको काम,कर्त्तव्य र अधिकार :**

क) वडा क्षेत्रस्तरमा विभिन्न विधामा खेलकुद कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्ने ।

ख) खेलकुद सम्बन्धि नीति, योजना, बार्षिक कार्यक्रम, प्रगति विवरण, बार्षिक बजेट तर्जुमा गरी स्विकृतिका लागि वडा कार्यालयमा पेश गर्ने ।

ग) खेलकुदको विकास र प्रबर्द्धनकालागि सरोकारवाला निकाय, संघसंस्था, व्यक्तिहरुसँग आवश्यक समन्वय गर्ने,

घ) स्थानीयस्तरमा आर्थिक श्रोत जुटाउन आवश्यक पहल गर्ने,

ङ) वार्डस्तरीय खेलकुद कार्यक्रमहरु सञ्चालन गर्ने गराउने,

**११. वडास्तरीय समितिको बैठक संबन्धि कार्यप्रणाली :**

क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ख) समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

ग) बैठकको अध्यक्षता समितिको अध्यक्ष र निजको अनुपस्थितिमा समितिले आफु मध्येबाट तोकेको सदस्यले गर्नेछ ।

घ) कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

ङ) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

च) समितिको बैठकको निर्णय छुट्टै निर्णय पुस्तिका ( माईन्युट बुक) मा अभिलेख गरिनेछ र अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गरिनेछ ।

## परिच्छेद-४
## समितिका पदाधिकारीहरुको काम, कर्त्तव्य र अधिकार :

१२. **समितिका अध्यक्षको काम, कर्त्तव्य र अधिकार :** (१) गाउँस्तरीय खेलकुद विकास समितिका अध्यक्षको काम, कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) आवश्यकता अनुसार बैठक आह्वान गर्ने र बैठकको अध्यक्षता गर्ने,

ख) गाउँ क्षेत्र र कार्यजिममेवारी अनुसार विभिनन तहका विभिन्न खेलकुद सम्बन्धी कार्यक्रमहरु सञ्चालन र व्यवस्थापन गर्ने ।

ग) खेलकुद सम्बन्धि नीति, योजना, बार्षिक कार्यक्रम, पग्र ति विवरण, बार्षिक बजेट तर्जुमागरी स्विकृतिका लागि गाउँ कार्यपालिकामा पेश गर्न लगाउने,

घ) खेलकुदको विकास र प्रबर्द्धनकालागि सरोकारवाला निकाय, संघसंस्था, व्यक्तिहरुसँग आवश्यक समन्वय गर्ने, गराउने,

ङ) स्थानीय स्तरमा आर्थिक श्रोत जुटाउन आवश्यक पहल गर्ने,

च) वडा स्तरीय खेलकुद कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।

छ) समितिबाट भए गरेका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने, समितिबाट भए गरेका गतिविधिहरुको बार्षिक, अर्धबार्षिक रुपमा समिक्षा गर्ने गराउने,

ज) समितिका अन्य पदाधिकारीहरुको राजिनामा स्वीकृती गर्ने ।

झ) अध्यक्षले आफ्नो अधिकारको प्रयोगगर्दा आवश्यकता अनुसार प्रमुख संरक्षकबाट सुझाब लिने,

ञ) समितिका अध्यक्षले यस कार्यविधि बमोजिम आफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकारहरु समितिका पदाधिकारी तथा अन्य सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ

ट) अन्य भैपरि आएका विभिन्न कार्यहरु गर्ने, गराउने,

१३. **उपाध्यक्षको काम, कर्त्तव्य र अधिकार :** गाउँस्तरीय खेलकुद विकास समितिका उपाध्यक्षको काम, कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) अध्यक्षको अनुपस्थितिमा अध्यक्ष भईवैठक सञ्चालन गर्ने ।

ख) अध्यक्षको काममा सहयोग गर्ने ।

ग) अन्य भैपरि आएका विभिनन कायहरु गर्ने ।

१४. **सचिवको काम, कर्त्तव्य र अधिकार :** (१) गाउँस्तरीय खेलकुद विकास समितिका सचिवको काम, कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) समितिको प्रशासकीय प्रमुखको हैसियतमा काम गर्ने,

ख) समितिको आन्तरिक तथा बाह्य व्यवस्थापनका लागि आवश्यक पर्ने वस्तु तथा सेवा खरिद गर्ने, गराउने,

ग) समितिलाई आवश्यक पर्ने सूचना तथा विवरण संकलन गर्ने, गराउने,

घ) समिति तथा समितिका अध्यक्षले समय समयमा दिएका वा गरेका निर्णय, निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने,

ङ) समिति तथा अध्यक्षप्रति पूर्णरुपमा उत्तरदायी रहने,

च) अध्यक्षसँग आवश्यक परामर्श लिई समितिबाट निर्णय हुनुपर्ने बिषयमा प्रस्ताब तयार गरी समितिको बैठकमा पेश गर्ने,

छ) समितका प्रशासकीय श्रेस्ताहरु र माईन्युट चुस्तदुरुस्त राख्ने,

ज) सरोकारवाला निकाय, संघसंस्था, व्यक्तिहरुसँग आवश्यक समन्वय गर्ने, गराउने,

झ) समितिबाट जारी गनर्पु र्ने सूचना तथा पत्राचार गर्ने,

ञ) गाउँपालिकाबाट सञ्चालन हुने खेलकुद कार्यक्रमहरुको व्यवस्थापन र सञ्चालन गर्न आवश्यक पहलकदमी लिने,

ट) समिति वा समितिका अध्यक्षले तोके बमोजिमका अन्य भैपरि आउने कार्यहरु गर्ने, गराउने,

ठ) प्रतिवेदन तयार गरी पेश गर्ने ।

१५. **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार** :(१) गाउँस्तरीय खेलकुद विकास समितिका कोषाध्यक्षका काम, कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) गाउँस्तरीय खेलकुद विकास समितिकोलागि विरुवा् गाउँ कार्यपालिका लगायत अन्य संघ संस्था र निकायबाट प्राप्त हुन आउने कोषको सञ्चालन गर्ने,

ख) समितिका आय-व्ययको हिसाब राख्ने,

ग) समितिको चल-अचल (जिन्सी ) सम्पत्तिको अभिलेख राख्ने,

घ) बार्षिक आय-व्यय विवरण तर्जुमा गरि समितिबाट अनमोदन गराई समितिमा स्विकृतिका लागि पेश गर्ने र फरफारकको लागि गाउँ कार्यपालिका लगायत संबन्धित निकायमा प्रस्तुत गर्ने,

ङ) बार्षिक लेखापरिक्षण प्रतिवेदन तयार गराई समितिमा र गाउँ कार्यपालिकामा पेश गर्ने,

च)  अन्य भैपरि आएका विभिन्न कार्यहरु गर्ने, गराउने,

## परिच्छेद ५
## सचिवालय सम्बन्धि व्यवस्था

१६. **गाउँस्तरीय खेलकुद विकास समितिको सचिवालय :** गाउँस्तरीय खेलकुद विकास समिति र सचिवालयको कार्यालय विरुवा गाउँ कार्यपालिकाको कार्यालयले तोकेको स्थानमा रहनेछ ।

१७. **कोषको स्थापना र परिचालन:** (१) गाउँस्तरीय खेलकुद विकास समितिको नामबाट एउटा छुट्टै कोषको स्थापना गरि कुनै एक बैंकमा खाता खोलिनेछ ।

(२) कोषको सञ्चालन अध्यक्ष, कोषाध्यक्ष र सदस्य- सचिवको सँयुक्त दस्तखतबाट गरिनेछ ।

(३) वडा तथा गाउँस्तरीय खेलकुद कार्यक्रम सञ्चालन गर्दा गाउँ कार्यपालिकाको निर्णयानुसार कुल रकमको १० प्रतिशत रकम कट्टा गरिनेछ र त्यसरी गरिएको रकम गाउँस्तरीय समितिको कोष खातामा जम्मा हुनेछ ।

(४) गाउँपालिकाको प्रतिनिधित्व गरेर विजय भएर पुरस्कार प्राप्त गरेको रकमको १५ प्रतिशत रकम  गाउँस्तरीय समितिको कोष खातामा जम्मा हुनेछ ।

(५) समितिले कार्यपालिकाको पूर्व स्विकृति लिएर मात्र अन्य स्रोत बाट रकम सँकलन गर्न सक्ने छ । सो रकम समेत कोषमा जम्मा हुनेछ ।

(६) यसरी जम्मा हुन आएको रकमवाट समितिको निर्णयानुसार समितिहरुले आफ्नो प्रशासनिक खर्च गर्न सक्नेछन ।

(७) समितिले आवश्यक ठानेमा वडा स्तरीय समितिलाई कार्यक्रम सँचालनको लागि रकम प्रदान गर्न सक्ने छ तर त्यस्तो रकमको लेखा राख्ने र लेखापरिक्षण गर्ने दायित्व गाउँपालकिा स्तरीय समितिकै हुनेछ ।

१८. **समितिको छाप :**गाउँस्तरीय खेलकुद विकास समितिको नाममा एउटा छुट्टै छाप रहनेछ ।

## परिच्छेद-६
## विविध

१९. **बिशेष व्यवस्थाः** यस कार्यविधिमा जुनसुकै व्यवस्था भएपनिजुनसुकै तहवा स्तरबाट खेलाडीहरुको छनौट गर्दा,रेफ्रीहरुको छनौट गर्दा वा योग्यता निर्धारण गर्दा र खेलहरुको नियमहरु बनाउँदा खेलकुदविकास ऐनर खेलकुद विकास नियम बमोजिमको व्यवस्था अवलम्वन गरिनेछ ।

२०. **समन्वयको व्यवस्था :** खेलकुदको विकास र प्रबर्द्धनका लागि गाउँस्तरीय खेलकुद विकास समितिले सरोकारवाला निकाय, संघ संस्थाहरुसँग आवश्यक समन्वय गर्नेछ ।

२१. **कार्यविधिमा संशोधन र हेरफेर :** गाउँ कार्यपालिकाले आवश्यक ठानेका वखतसमय सापेक्ष यस कार्यविधिमा आवश्यक संशोधन र हेरफेर गर्न सकिनेछ ।

आज्ञाले<br>
कुलराज सुवेदी<br>
प्रमुख प्रशासकीय अधिकृत